आठविसकोट नगर कार्यपालिकाको ४६ औं बैठक मिति २०७६ फाल्गुण १७/१८ गतेका दिन आठविसकोट नगर कार्यपालिकाको बैठक हलमा नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षता एवम् तपसिलका सदस्यहरुको उपस्थितीमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| क्र.सं. | नाम, थर | पद | २०७६।११।१७ दस्तखत | २०७६।११।१८ |
|---|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमुख | [signature] | [signature] |
| २ | गीता नेपाली | नगर उप प्रमुख | [signature] | [signature] |
| ३ | ध्रुवप्रसाद लम्साल | नि.प्र.प्रशा.अधिकृत | [signature] | [signature] |
| ४ | देव बहादुर घर्ती | वडाध्यक्ष - १ | — | — |
| ५ | देव बहादुर थरी | वडाध्यक्ष - २ | [signature] | [signature] |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | [signature] | [signature] |
| ७ | बाबुराम विष्ट | वडाध्यक्ष - ४ | [signature] | [signature] |
| ८ | प्रजिते कामी | वडाध्यक्ष - ५ | — | — |
| ९ | डिल बहादुर सार्की | वडाध्यक्ष - ६ | — | — |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | — | — |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | [signature] | [signature] |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | [signature] | [signature] |
| १३ | गंगाराम चदारा | वडाध्यक्ष - १० | [signature] | [signature] |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | [signature] | [signature] |
| १५ | खुम्मे कुसारी | वडाध्यक्ष - १२ | [signature] | [signature] |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | — | — |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | [signature] | [signature] |
| १८ | धन्नाम परियार | कार्यपालिका सदस्य | [signature] | [signature] |
| १९ | प्रियंका थरी | कार्यपालिका सदस्य | [signature] | [signature] |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | — | — |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | मनकामी | मन कामी |
| २२ | आसिराम वि.क. | कार्यपालिका सदस्य | — | — |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | कल्पना | कल्पना |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | सिता | सिता |
| २५ | गोरख बहादुर कामी | कार्यपालीका सदस्य | [signature] | [signature] |

अन्य उपस्थितिहरु

| | | | | |
|---|---|---|---|---|
| १ | मानबहादुर बुढाथोकी | प्रशासन अधिकृत | [signature] | [signature] |
| २ | जय बहादुर बुढा | प्रशासन सहायक | [signature] | [signature] |
| ३ | गणेश चन्द | सुचना प्रविधि अधिकृत | [signature] | [signature] |
| ४ | तस्वीर परियार | कार्यालय सहयोगी | | |
| ५ | इन्द्र ब० विष्ट | शिक्षा अधिकृत | [signature] | [signature] |
| ६ | थलबिर ओली | [illegible] परिक्षक | [signature] | [signature] |
| ७ | सन्देश वि.क. | खेलकुद अध्यक्ष | [signature] | [signature] |
| | भिमसेन थापा | आमन्त्रित | [signature] | [signature] |

| २०७६ फाल्गुन १७ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु | | |
|---|---|---|
| क.स. | प्रस्तावको विवरण | कैफियत |
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको बजेट बाँडफाँड | मन्त्रालयले दिएको प्राथमिकताका आधारमा बजेट बाँडफाँड गर्नुपर्ने । |
| २ | आठबिसकोट नगरपालिकाको उपयुक्त क्षेत्रमा क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धमा | नगरपालिका क्षेत्रभित्र तथा वरिपरी कुनै पनि निर्माण कार्य सम्बन्धी क्रसर उद्योग नभएकाले स्थापना तथा सञ्चालन गर्ने । |
| ३ | शहरी बस्ती विकास सम्बन्धी आयोजनाका लागि समिति गठन सम्बन्धमा | समिति गठन गरी शहरी बस्ती विकासका लागी उपयुक्त स्थान छनौट गर्ने । |
| ४ | आधारभुत शिक्षा परिक्षा (कक्षा ५ र ८) समन्वय, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्बन्धी प्रस्ताव | |
| ५ | विविध | विविध समसामयिक विषयहरुमा छलफल तथा निर्णय गर्नुपर्ने । |

नि.प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७६/११/१७ र १८ गतेका कार्यपालिकाका निर्णयहरु

निर्णय नं.:- १, रुबेला तथा दादुरा रोग नियन्त्रण गर्न पालिका स्तरमा दादुरा रुबेला खोप राष्ट्रिय अभियान सफलता पूर्वक सञ्चानल गर्न नगर प्रमुखको संयोजकत्वमा एक समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. : - २, आधारभुत स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रत्येक वडामा स्वास्थ्य समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं.:- ३, प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट देहाय बमोजिमका वडाहरुमा प्राथमिकताका क्रममा रहेका आयोजना तथा कार्यक्रमहरुमा नियमानुसार बाँडफाँड गर्ने निर्णय गरियो।

आठविसकोट नगरपालिका रुकुम पश्चिम (प्रधानमन्त्री रोजगार कार्यक्रम) आ.व.2076/77 को लागि प्राप्त ५८,८९,०००।

| क्र. स. | वडा नं. | मन्त्रालयबाट छनोट गरिएको आयोजनाको नाम /ढाँचा | मन्त्रालयको योजना छनोटमा, कुल १०० अंकमा प्राप्त गरेको अंक | मन्त्रालयबाट छनोट गरिएको योजनाको प्राथमीकीकरण को आधारमा विनियोजित न्युनतम रकम रु. | मन्त्रालयको योजना छनोटमा परी प्राप्त गरेको अंकको आधारमा प्राप्त रकम रु. | कुल विनियोजित रकम रु. | श्रमिकको ज्याल भुक्तानी ७०% | निर्माण सामाग्री खरिद २५% | कामका लागि आवश्यक हाते औजार खरिद ३% | श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्री खरिद 1% | कन्टिन्जेन्सी खर्च १ % | कुल १०० दिन बराबरको रोजगारी प्राप्त गर्ने अधिकतम संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खेत वडा कार्यालयदेखी बारिङ्गे सडक निर्माण | ३६.०० | 300,000.00 | 291,952.95 | 591,952.95 | 414,367.07 | 147,988.24 | 17,758.59 | 5,919.53 | 5,919.53 | 8 | |
| २ | २ | साझेबगर स्यालामाथीगाँ | ५९.५५ | 300,000.00 | 482,938.85 | 782,938.85 | 548,057.19 | 195,734.71 | 23,488.17 | 7,829.39 | 7,829.39 | 11 | |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उ पाईप सिंचाई निर्माण | | | | | | | | | | | |
| ३ | ३ | हिमालय मा.वि. घेराबार निर्माण | ६१.०० | 300,000.00 | 494,698.06 | 794,698.06 | 556,288.64 | 198,674.52 | 23,840.94 | 7,946.98 | 7,946.98 | 11 | |
| ४ | ७ | विधुत पावर हाउसदेखी खारखारा मसानघाटसम्म तटवन्धन निर्माण | ३६.०० | 300,000.00 | 291,952.95 | 591,952.95 | 414,367.07 | 147,988.24 | 17,758.59 | 5,919.53 | 5,919.53 | 8 | |
| ५ | ८ | सृजना आधारभुत विधालय घर्तीगाउ देखी लाता खोला हुदै चुर्ती पाखा वडा कार्यालय हुदै हिमालय मा.वि. दाजे सम्म सडक निर्माण | ७३.३२ | 300,000.00 | 594,610.85 | 894,610.85 | 626,227.60 | 223,652.71 | 26,838.33 | 8,946.11 | 8,946.11 | 12 | |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ९ | बुगारी सुन्दरपानी किमिचौर जलजाईना धपसे सडक निर्माण | ४२.२५ | 300,000.00 | 342,639.23 | 642,639.23 | 449,847.46 | 160,659.81 | 19,279.18 | 6,426.39 | 6,426.39 | 9 | |
| ७ | १० | काफलचौर झिनचौर डावा खेत सिंचाई कुलो निर्माण | ७३.५० | 300,000.00 | 596,070.62 | 896,070.62 | 627,249.43 | 224,017.65 | 26,882.12 | 8,960.71 | 8,960.71 | 12 | |
| ८ | ११ | झारमखोला धैराना सिंचाई कुलो निर्माण | ४८.६० | 300,000.00 | 394,136.49 | 694,136.49 | 485,895.54 | 173,534.12 | 20,824.09 | 6,941.36 | 6,941.36 | 9 | |
| | | कुल जम्मा | ४३०.२२ | 2,400,000.00 | 3,489,000.00 | 5,889,000.00 | 4,122,300.00 | 1,472,250.00 | 176,670.00 | 58,890.00 | 58,890.00 | 80 | |

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.:- ४, नगरपालिकाको उपयुक्त स्थानमा नगरपालिकाको ६० प्रतिशत र निजि क्षेत्रको ४० प्रतिशत लगानीमा क्रसर उद्योगको स्थापना र सञ्चालन गर्न आवश्यक कार्यविधि तयार गरी तत्काल कार्य आरम्भ गर्ने निर्णय गरियो।

निर्णय नं.:- ५, आठविसकोट नगरपालिका क्षेत्रभित्र हुने सम्भावित जोखिमलाई मध्येनजर गर्दै विपद व्यवस्थापन पूर्व तयारीको लागी विपद व्यवस्थापन कोष वा अन्य कुनै उपयुक्त कोषको रकमबाट आवश्यक पर्ने ५० वटा अग्नी नियन्त्रक (Fire Extinguisher) सामग्री खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.:- ६, आठविसकोट नगरपालिकाको न्यायीक समितिमा उजुरी प्रशासक पदमा तीन पटक सम्म खुला विज्ञापन गर्दा पनि उक्त पदमा दरखास्त नपरेकाले अब उक्त पदमा कुनै पनि विषयमा स्नात्तक उत्तिर्ण गरी कानुन विषय (LLB) मा अध्ययनरत उम्मेदवारमध्येबाट पदपुर्ति गर्ने गरी पुन: दरखास्त आह्वान गर्ने निर्णय गरियो।

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.:- ७,  अन्तराष्ट्रिय श्रमिक महिला दिवसमा सञ्चालन गरिने कार्यक्रमका आवश्यक वार्षिक बजेट तथा कार्यक्रममा नसमेटिएकोले कार्यक्रम खर्चबाट समेट्ने गरी प्रत्येक वडामा देहाय बमोजिमको हुने गरी सर्वसम्मतबाट पारित गरियो।

| क.स. | वडा नं. | घर धुरी संख्या | दर | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | १ | २९७ | २,०००। | ६,०००। | (१०० धुरी बराबर रु २०००) |
| २. | २ | ३२४ | २,०००। | ६,०००। | |
| ३. | ३ | ४०० | २,०००। | ८,०००। | |
| ४. | ४ | ३९६ | २,०००। | ८,०००। | |
| ५. | ५ | ५५६ | २,०००। | ११,०००। | |
| ६. | ६ | ४३७ | २,०००। | ८,०००। | |
| ७. | ७ | ३६० | २,०००। | ८,०००। | |
| ८. | ८ | ३७६ | २,०००। | ८,०००। | |
| ९. | ९ | ५६७ | २,०००। | ११,०००। | |
| १०. | १० | ६२२ | २,०००। | १२,०००। | |
| ११. | ११ | १००८ | २,०००। | २०,०००। | |
| १२. | १२ | ६७९ | २,०००। | १३,०००। | |
| १३. | १३ | ३२४ | २,०००। | ८,०००। | |
| १४. | १४ | ६३० | २,०००। | १२,०००। | |
| वडाको जम्मा | | | | रु.१,३९,०००। | |
| नगर स्तरिय | | | | थप रु. १४,०००। | |
| जम्मा रकम | | | | **रु.१,५३,०००।** | |

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.:- ८, आ.व. २०७७/०७८ को लागी कर्णाली प्रदेश सरकारले समपूरक तथा विशेष अनुदानका लागि कर्णाली प्रदेशको समपुरक तथा विशेष अनुदान कार्यविधि, २०७५ अनुसार देहायका कार्यक्रम तथा आयोजनाहरुको छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

(क) समपूरक अनुदान मागका लागी छनौट गरिएका कार्यक्रम तथा आयोजनाहरु:

1. नगर अस्पताल निर्माण आयोजना
2. दाँजे-बन्चरे सडक आयोजना
3. नदुवा-झारमारे-खदि:-३ सडक आयोजना

(ख) विशेष अनुदान मागका लागी छनौट गरिएका कार्यक्रम तथा आयोजनाहरु:

१. जनकल्याण आधारभुत विद्यालय बल्देको भवन निर्माण
२. वडा नं. ११ को गोईरीमा स्वास्थ्य चौकी निर्माण आयोजना
३. बालकल्याण मा.वि. घेराबार

निर्णय नं.: -९, रुमालधारा नाखिरा कृषि सडक उपभोक्ता समिति वडा नं. ४ ले आ.व. २०७४/०७५ मा कृषि सडक निर्माण वापत भुक्तानी हुँदा कट्टी भएको फरफारक रकम धरौटी खातामा जम्मा हुनुपर्नेमा भुलबस वहाल कर खातामा दाखिला हुन गएकोले निर्माण समितिले फरफारक रकमको भुक्तानि नपाएको हुँदा सञ्चित कोषबाट धरौटी खातामा रु. ४९,०००।– रकम स्थानान्तरण गरी उक्त समितिलाई फरफारक रकम फिर्ता गरी भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. -१०, आधारभुत शिक्षा परिक्षा (कक्षा ५ र ८) समन्वय, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सर्वसम्मतबाट पारित गरियो। साथै ऐ. कार्यविधि अनुसार देहाय बमोजिमको परिक्षा समन्वय, सञ्चालन तथा व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | पदाधिकारीहरुको नाम,थर | पद | संस्थागत ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | ध्रुवप्रसाद लम्साल | संयोजक | आठविसकोट नगरपालिका | |
| २ | चिन्ताराम शर्मा | सदस्य | आदर्श मा.वि. घेत्मा | |
| ३ | निर्मला नेपाली | सदस्य | भानुभक्त आ.वि. औलीगाउँ | |
| ४ | ललिता शाही | सदस्य | हिमालय मा.वि. खदी | |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | पवन गिरी | सदस्य | जनविकास मा.वि. घारीखोला | |
| ६ | हुकुम बहादुर पुन | सदस्य | नगर शिक्षा समिति सदस्य | |
| ७ | थलविर ओली | सदस्य | शैक्षिक गुणस्तर परिक्षण केन्द्र | |
| ८ | ई. प्र. कार्यालय प्रमुख | सदस्य | ईलाका प्रहरी कार्यालय, आठविसकोट | |
| ९ | इन्द्रबहादुर बिष्ट | सदस्य-सचिव | शिक्षा, युवा तथा खेलकुद शाखा | |

निर्णय नं. -११, नगरपालिका भित्रका प्रत्येक वडाका प्रत्येक घरमा स्वच्छ खानेपानीको पहुँच पुर्याउन, र्याप मोडलमा खानेपानीको दिगो समस्या समाधान गरी खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन योजना (WASH Plan) को पुर्ण रुपमा के कसरी कार्यान्वयन गर्न सकिन्छ ? सो सम्बन्धमा आवश्यक परामर्श दिनका लागी योजना शाखा प्रमुखको संयोजकत्वमा प्राविधिक समेत सदस्य रहने गरी एक सुझाव समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. -१२, सानोभेरी गाउँपालिकाको वडा नं.-१०, का श्री बमबहादुर वि.क. लाई सगरमाथा आरोहणको लागी सहयोग स्वरुप रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -१३, नगरपालिकाभित्र गरिबी निवारण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भए नभएको विस्तृत अध्ययन गर्न र गरिबी निवारण कोषबाट विपन्न र गरिब नागरिकलाई सहयोग रकम उपलब्ध गराउन नगर उपप्रमुखको संयोजकत्वमा पाँच सदस्यीय अनुगमन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. गीता नेपाली | -नगर उप-प्रमुख | - संयोजक |
| ख. तारकबहादुर शाही | - ९ नं. वडाध्य | -सदस्य |
| ग. प्रिङ्का यरी | - कार्यपालिका सदस्य | - सदस्य |
| घ. शैलेन्द्र शाह | - अ.स.ई | - सदस्य |
| ङ. मानबहादुर बुढाथोकी | - प्रशासकीय अधिकृत | - सदस्य सचिव |

निर्णय नं. -१४, घाईते अपाङ्गहरुको सम्मेलन सहयोगको लागि रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -१५, जिल्ला ब्याटमिन्टन संघलाई रु.२५,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. -१६, नगरपालिकाका १५ वटा माध्यमिक विद्यालयका एक/एक गरी १५ जना खेलकुद शिक्षकलाई एथ्लेटिक्स र कबड्डी खेल प्रशिक्षक प्रशिक्षण व्यवस्थापनको लागी बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. -१७, सूचना तथा सञ्चार प्रविधिको भरपूर्ण उपयोगको लागी रेडियो नयाँ नेपाल एफ.एम. ९८.२ लाई नगरपालिकाको स्वामित्व ल्याई क्षमता अभिवृद्धि गरी सञ्चालन गर्न के कसरी गर्ने, शेयर स्वामित्व के कस्तो हुने विषयमा सुझावको लागी पन्ध्र दिनभित्र सुझाव पेश गर्न प्रशासन शाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. -१८, आठविसकोट नगरपालिका-१४ जिल्ला वन कार्यालय रुकुम (पश्चिम) बाट तटबन्धन निर्माणको लागी सञ्चालित योजनामा बजेट अपुग भएकाले थप बजेट मागका लागी जिल्ला वन कार्यालय र कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा रकम मागका लागी लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. -१९, आठविसकोट नगरपालिका वडा नं.१४ लाई कृषि कार्यक्रम अन्तरगत टिम्मुर खेतीका लागी छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. -२०, आठविसकोट नगरपालिका वडा नं. ९ मा वर्थिङ सेन्टरका लागी विनियोजन भएको रकम वडा नं. ७ मा स्थातान्तरणको लागी कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. -२२, यस नगरपालिकाको रा १ द १४ नम्बरको ट्याक्टरको ठक्करबाट भेरी नगरपालिका वडा नं. १, स्थायी घर भएका स्वर्गीय जीतसिंह परियारको परिवारलाई क्षतिपुर्ति स्वरुप सम्झौतामा उल्लेख भएको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -२१, शिक्षा सम्बन्धि विविध समसामयिक विषयहरुमा निर्णय गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ९७४८५८३९३


मितिः २०७६/११/१७

पत्र संख्याः २०७६/०७७

चलानी नम्बर ..................

**विषयः- विविध समसामयिक विषयहरुमा निर्णय गर्ने सम्वन्धमा।**

**प्रस्ताव पेश गर्न नगर शिक्षा समितिबाट स्वीकृति प्राप्त मितिः- २०७६/१०/२० गते**

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-** २०७६।११।१४ गते

१. **विषयको संक्षिप्त व्यहोराः-** नगरपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुको व्यवस्थापनको लागि मिति २०७६/१०/२० गते नगर शिक्षा समितिको चौँथौ वैठकबाट सिफारीस भइ आएका छैटौँ विद्यालय अनुगमन प्रतिवेदन, २०७६, एकमुष्ट अनुदान र शिक्षण सिकाइ अनुदान प्राप्त गर्ने विद्यालयहरुले रकम खर्च गर्ने प्रक्रिया, प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाई आवश्यक वजेट व्यवस्थापन, श्री ज्ञानोदय माध्यमिक विद्यालय चौताराको वाल विकास कक्षा र कक्षा १ साविकको श्री चित्रिपाटन आधारभूत विद्यालय व्राहमण गाउँको नाममा रहेको भवनमा सञ्चालन गर्ने अनुमति, स्थानीय पाठ्यक्रम निर्माण खर्च भुक्तानि, श्री बालकल्याण मा.वि.राडीमा आइ.टी अध्ययन गर्ने १ जना छात्र/छात्रालाई छात्रवृत्ती प्रदान, मिति २०७६/१०/१४ र १५ गते सम्पन्न गोष्ठीमा सहभागीहरुलाई निर्वाह खर्च प्रदान र नगरपालिका भित्रका माध्यमिक तह सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा खेलकूद शिक्षक दरवन्दी सिर्जना जस्ता विषयमा निर्णय हुन उपयुक्त देखिन्छ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुराः-** नगर शिक्षा समितिका निर्णयहरुको अध्ययन गर्दा नगरपालिकालाई आर्थिक दायित्व वढने भएकोले नगर कार्यपालिकाबाट निर्णय हुनु पर्ने देखिन्छ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्वन्धित शाखाको रायः-** उल्लेखित विविध समसामयिक विषयहरुमा एकमुष्ट निर्णय गरी समस्याहरुको समाधान गर्न उपयुक्त देखिन्छ।

४. **निर्णय हुनु पर्ने व्यहोराः-** देहायमा उल्लेखित विषयहरुको सम्वन्धमा निर्णय गर्ने गरी पेश भएको प्रस्ताव स्वीकृत गर्न आठविसकोट कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर शिक्षा समितिबाट स्वीकृत प्राप्त भएकोले आठविसकोट नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७६ को नियम ७ को अनुसुची १ को विषय सङ्ख्या ४ बमोजिमको प्रस्ताव पेश गरिएको छ।

**निर्णय हुनु पर्ने विषयहरुः-**

१. छैटौँ विद्यालय अनुगमन प्रतिवेदन, २०७६ को सम्वन्धमा प्रधानाध्यापकहरुको कार्य सम्पादन करार सम्झौता अनुसार मूल्याङ्कनबाट हुन आएको नतिजाको आधारमा काम हुन वाँकी रहेको देखिएकोले वाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई सचेत गराउने र अन्य विद्यालयका प्रधानाध्यापकहरुको हकमा प्रतिवेदन अनुसार प्रक्रिया अगाडि वढाउने गरी छैटौँ विद्यालय अनुगमन प्रतिवेदन, २०७६ नगर कार्यपालिकाबाट स्वीकृत गर्ने।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ९७४८५८३१३


मितिः २०७६/११/१७

पत्र संख्याः २०७६/०७७
चलानी नम्बर ..................

२. आठविसकोट नगरपालिकाका अन्तर्गत एकमुष्ट अनुदान प्राप्त गर्ने र शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयहरुको हकमा सो रकम आवश्यक प्रक्रिया पुर्याइ खर्चको लागि मापदण्ड वनाई स्वीकृत गर्ने।

३. प्राविधिक धार सञ्चालन गरेका विद्यालयहरुको सम्वन्धमा आवश्यक बजेटको व्यवस्था सम्बन्धमा आगामी नगरसभामा पेश गर्ने ।

४. श्री ज्ञानोदय माध्यमिक विद्यालय चौतारामा पूर्वाधार अभावको कारण उक्त विद्यालयमा सञ्चालन भइरहेको वाल विकास कक्षा र कक्षा १ आठविसकोट नगरपालिका वडा नं. ४ मा रहेको हाल मर्ज भइसकेको श्री चित्रिपाटन आधारभुत विद्यालय ब्राहमणगाउँमा भौतिक पूर्वाधार रहेकोले सो पूर्वाधार प्रयोगमा ल्याइ उक्त मौजुदा पूर्वाधार श्री ज्ञानोदय माध्यमिक विद्यालय चौताराको मातहतमा रहने गरी कक्षा सञ्चालन गर्न अनुमतिको लागि आवश्यक भएमा नगर कार्यपालिकाले स्वीकृत गर्ने ।

५. मिति २०७६/१०/१४ र १५ गते सम्पन्न प्रधानाध्यापक र स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धी गोष्ठीमा सहभागीहरुको लागि खाजा खर्च व्यवस्थापन सम्वन्धमा नगर कार्यपालिका स्वीकृत गर्ने ।

६. आठविसकोट नगरपालिकाबाट श्री बालकल्याण माध्यमिक विद्यालय आठविसकोटमा आई.टी.अध्ययन गर्ने २ (दुई) जना छात्र-छात्रालाई छात्रवृत्ति प्रदान गर्नु पर्नेमा एक जनालाई मात्र छात्रवृत्ति प्रदान गरेकोले थप १ (एक) जनाका लागी हाल अध्ययनरत छात्रछात्राहरुबाट दरखास्त आह्वान गर्ने ।

८. स्थानीय पाठ्यक्रमको खर्च सम्वन्धमा आठविसकोट नगरपालिका र सिटिएफ नेपालबीच सम्झौता भई निर्माणको अन्तिम चरणमा पुगेकोले सो सम्वन्धमा आवश्यक रकम सम्झौता बमोजिमको भुक्तानि दिने ।

प्र.प्रशासकीय अधिकृत